बैठक नं :
मिति :२०७८/०१/१४ गते
समयः दिनको १२:०० बजे ।
स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७८।०१।१४ गते मंगलवार दिनको १२.०० वजे गोलन्जोर गाउँपालिकाकामा गठन भएको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन समितिको बैठक यस समितिका अध्यक्ष श्री पुष्प बहादुर कार्की ज्यू को अध्यक्षतामा तपशिलका माहानुभावहरुको उपस्थितिमा बैठक बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थिती:

| | |
|---|---|
| १ श्री पुष्प बहादुर कार्की | गाउँपालिका अध्यक्ष |
| २ श्री गंगादेवी श्रेष्ठ | गाउँपालिका उपाध्यक्ष |
| ३ श्री दौलत कार्की | गाउँपालिका प्रवक्ता |
| ४ श्री मिन वहादुर सुनुवार | कार्यपालिका सदस्य |
| ५ श्री पुष्कर राज वराल | कार्यपालिका सदस्य |
| ६ श्री वेग वहादुर मगर | कार्यपालिका सदस्य |
| ७ श्री वुद्धि बहादुर पाल्पाली | कार्यपालिका सदस्य |
| ८ श्री पुरुपोत्तम श्रेष्ठ | कार्यपालिका सदस्य |
| ९ श्री रोम वहादुर देवकोटा | कार्यपालिका सदस्य |
| १० श्री भक्त वहादुर भुजेल | कार्यपालिका सदस्य |
| ११ श्री कुमारीमाया मगर | कार्यपालिका सदस्य |
| १२ श्री सावित्रा तमाङ् | कार्यपालिका सदस्य |
| १३ जमुना कोईराला | कार्यपालिका सदस्य |
| १४ श्री रण बहादुर सार्की | कार्यपालिका सदस्य |
| १५ श्री ईन्द्र कुमारी हायु | कार्यपालिका सदस्य |
| १६ श्री ठाकुर प्रसाद दाहाल | निमित्त प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः

श्री मोती प्रसाद सापकोटा, ने.का. गोलन्जोर अध्यक्ष ।

श्री के.पि. पोखरेल, नेकपा (माओवादी केन्द्र) गोलन्जोर अध्यक्ष ।

श्री रमेश कुमार थापा, नेकपा (एमाले), गोलन्जोर ३ नं वडा सचिव ।

श्री ओम कुमार कार्की, जसपा , गोलन्जोर, अध्यक्ष ।

श्री नवराज श्रेष्ठ नेपाल रेडक्रस उप शाखा प्रमुख

श्री राम कुमार श्रेष्ठ उधोग वाणिज्य संघ उपशाखा ग्वालटार

श्री शत्रुधन यादव, जनज्योती मा.वि.खुर्कोट प्र.अ ।

श्री सेवक विक्रम राई लेखा अधिकृत, गोलन्जोर गा.पा. ।

श्री संन्तोष कुमार वोहोरा हिस्टुन केन्द्रिय सचिव

श्री नवराज थापा शिक्षक महासंघ अध्यक्ष गाउँपालिका स्तरिय

श्री सुमन कोईराला नेपाल शिक्षक संघ जिल्ला उपाध्यक्ष

श्री निल प्रसाद पौडेल नेपाल शिक्षक संघ गोलन्जोर गाउँपालिका अध्यक्ष

श्री समेश कुमार वर्मा नेपाल राष्ट्रिय शिक्षक संगठन गाउँपालिका अध्यक्ष

श्री लेख वहादुर वस्नेत प्र अ जनता मा वि खनियाखर्क

श्री मखन खड्का प्र अ कौशिका माध्यमिक विध्यालय ग्वालटार

श्री राजन वराल पुर्व अध्यक्ष NNTA

श्री बल वहादुर भुजेल, वत्तशाला मा.वि

श्री सुरेश कुमार थापा, प्र.ना.नी. ग्वालटार प्रहरी चौकी, प्रमुख ।

श्री रमेश राज सुवेदी, गाउँपालिका विपद् शाखा प्रमुख ।

श्री तिर्थ कुमार भण्डारी गाउँपालिका सामाजिक शाखा प्रमुख ।

श्री नारायणदत्त कोइराला बाल प्रा. वि. भुलिभञ्ज्याङ,

श्री पर्वत कार्की - प्र. अ. सुनकोसी फ्रन्टलाईन बोर्डिङ स्कुल

Date

<u>बैठकका प्रस्तावहरु:</u>

१. क्वारेन्टिन र आईसोलेसन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा ।

२. विद्यालय तथा शिक्षालयको वैकल्पिक विधिवाट पठन-पाठान सम्वनधमा ।

३. कोभिड-१९ का कारण मृत्यु भएकाहरुको शव व्यवस्थापन स्थल सम्वन्धमा ।

४. कोरोना संक्रमण रोकथामका लागि सचेतना अभियान सम्वन्धमा ।

५. निरोधात्मक स्वास्थ्य सामाग्री तथा औषधी खरिद सम्वन्धमा ।

६. विपद् व्यवस्थापन समिति मार्फत भएका विगतको खर्च अनुमोदन सम्वन्धमा ।

७. आर्थिक सहायता सम्वन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं १ः** हाल दोस्रो चरणको कोभिड-१९ को संक्रमणको परिस्थितिलाई मध्यनजर गरी विगतमा यस गाउँपालिकामा संचालनमा रहेका होल्डिङ्ग सेन्टर, क्वारेन्टिन र आईसोलेसन बेडहरु र सो को सञ्चालनको लागि प्रयोग भएका आवश्यक जनशक्ति, स्वास्थ्य समाग्री तथा उपकरणहरु उपयुक्त व्यवस्था गरी पुनःपुर्ण अवस्थामा राखे निर्णय गरियो ।साथै क्वारेन्टिन केन्द्रको रुपमा हाललाई "१६ कोठे भवनलाई" र र वडा कार्यालयमा उपलव्ध भवनको उपयोग गर्ने र सोको लागि आवश्यक उपकरण तथा जनशक्ति यथाशिघ्र व्यवस्थापन तथा सञ्चालन गर्ने निर्णय गरियो ।साथै आईसोलेशन निर्माण गर्ने प्रयोजनार्थ सामुदायिक घर, खाली भवन, १६ कोठे, स्वास्थ्य संस्था भवनहरु प्राथमिकताको आधारमा प्रयोग निर्णय गरियो ।

**निर्णय नं २ः** विश्वव्यापी रुपमा फैलिरहेको यु.के भेरियन्ट कोभिड -१९ को संक्रमणलाई मध्यनजर गर्दै यस गोलन्जोर गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालय हरुमा पठन -पाठन सम्वन्धमा श्री संघीय सरकार, को निर्देशन र तत् विध्यालयले छानेको उपयुक्त सिकाई प्रकृयालाई गाउँपालिकाले सहजिकरण गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ः** श्री जिल्ला प्रशासन कार्यालयवाट अनुरोध भई आएको कोभिड १९ को कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन स्थल तोकी पठाउने सम्वन्धमा गोलन्जोर गाउँपालिकामा साविक धार्मिक तथा सास्कृतीक रुपमा सामाजिक मान्यता अनुरुप तत् स्थानमा मृतलाश व्यवस्थापन गर्ने र सहजिकरणको भुमिका सम्वन्धित वडाहरुले गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ः** कोभिड १९ को संक्रमणलाई न्युनिकरण गर्नको लागि सम्पुर्ण राजनितिक दल, जनप्रतिनिधि र कर्मचारीहरुले आ-आफ्नो स्थानबाट कोरोना रोकथाम, उपचार र नियन्त्रणलागि पुर्व निरोधात्मक सूचना यस गाउँपालिकाका सरकारी गैर सरकारी सामाजिक संघ संस्थाबाट प्रचार प्रसार गरी तोकिएको मापदण्ड अपनाई आवत जावत सामाजिक कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ः** हाल विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको यु.के. भेरियन्ट कोभिड १९ को संक्रमणलाई रोकथाम तथा न्युनिकरण गर्ने सम्वन्धमा यस गाउँपालिकावाट आवश्यक औषधि तथा स्वास्थ्य सामाग्री अन्तर्गत पर्ने मास्क, सेनिटाईजर र भिटिएम आवश्यकता अनुसार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ः** बिगतमा विपद् व्यवस्थापन कोष मार्फत समय समयमा भएका सम्पुर्ण खर्चहरुलाई आज बसेको विपद् व्यवस्थापन समितिको वैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** विपद जोखिम न्युनिकरण अन्तर्गत हावाहुरी, आगलागी तथा स्वास्थ्य उपचारको आर्थीक अवस्था कमजोर भएका र यस गाउँपालिकामा निबेदन परेका तपसिलमा उल्लेखित महानुभावहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिईने निर्णय गरियो ।

तपसिलः

| क.स. | नाम/थर | ठेगाना | सहायता मागको व्यहोरा | स्वीकृत रकम (रु) |
|---|---|---|---|---|
| १. | नवराज सार्की | गोलन्जोर ६ | दुवै मृगौला फेल भएको | २००००।- |
| २. | निर्मला कुमारी तामाङ्ग | गोलन्जोर ३ | हावाहुरीले छानो उडाएको | २००००।- |
| ३. | जित बहादुर कार्की | गोलन्जोर ३ | हावाहुरीले टनेल उडाएको | २००००।- |
| ४. | बाबुराम श्रेष्ठ | गोलन्जोर ५ | पहिरोबाट क्षती | २००००।- |
| ५. | सन्त बहादुर तामाङ्ग | गोलन्जोर ३ | हावाहुरीबाट क्षती | २००००।- |
| ६. | सुकुमाया तामाङ्ग | गोलन्जोर ६ | आगलागी | २००००।- |
| ७. | लाटो सार्की | गोलन्जोर ६ | आगलागी | २००००।- |
| ८. | पुर्णमाया सार्की | गोलन्जोर २ | प्यारालाईसिस | २००००।- |
| ९. | होम ब० थापा मगर | | दुवै मृगौला फेल भएको | २०००० |
| १०. | पार्वती घिमिरे | | हावाहुरीबाट क्षती | 20,000/- |

२०७४